उन्नत जातको फलफूलका विरुवा / कलमी काँठी प्रमाणिकरण(Bud wood certification) प्रविधि मार्फत अमिलाजात फलफूलका विरुवा उत्पादनका लागि फलफूल नर्सरीमा जालीघर (स्क्रिन हाउस) निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

( मिति २०७६।०८।०२ गते माननिय मन्त्रीस्तरबाट स्वीकृत)

**प्रस्तावना:** आधुनिक नर्सरी सहितको ग्रिनहाउस/स्क्रिन हाउस/जालीघरबाट स्वस्थ फलफूल विरुवा उत्पादन गरी नयाँ ठाउँमा कृषकहरुले सोको नमूना अनुसरण गराउने अभिप्रायले फलफूलविरुवा उत्पादन कार्यलाई प्रभावकारी बनाउन बाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ:(१) यो कार्यविधिको नाम उन्नत जातको फलफूलका विरुवा / कलमी काँठी प्रमाणिकरण(Bud wood certification) प्रविधि मार्फत अमिलाजात फलफूलका विरुवा उत्पादनका लागि फलफूल नर्सरीमा जालीघर (स्क्रिन हाउस) निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७६रहेको छ । यो कार्यविधिमा आधुनिक फलफूल नर्सरी स्थापनाका लागि आवश्यक पूर्वाधारहरुको विकास गर्न निजी, उद्यमी, समूह, सहकारी तथा कम्पनीलाई अनुदान उपलब्ध गराउने कार्य समेटिएको छ।

(२) यो कार्यविधि गण्डकी प्रदेशभर तुरुन्त लागु हुनेछ।

२.परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “अनुदान” भन्नाले यस कार्य विधि अनुरुप जालीघर निर्माण र संचालन गर्नका लागि सहयोग पुऱ्याउने उपलब्ध गराईने नगद, वस्तुगत तथा उत्पादन सामाग्री सहयोग सम्झनुपर्छ।

(ख) "अमिला वर्गका फलफूल"भन्नाले सुन्तला, कागती, अमिलो जुनार आदि सम्झनु पर्छ ।

(ग) “उद्यमी” भन्नाले यस कार्यविधि अनुरुपको जालीघर निर्माण गर्ने उद्देश्यले आवेदन दिने व्यक्ति, समूह, सहकारी तथा कम्पनी सम्झनुपर्छ।

(घ) "एग्रिनेट हाउस" भन्नाले फ्ल्याट टप भइ ४० Mesh को टप एग्रिनेट, एल्मुनियम शेड नेट तथा क्रिष्टल साइड नेटको आवरण र Galvanized iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्छ ।

(ङ) “कम्पनी” भन्नाले निजी क्षेत्रका व्यावसायीबाट कम्पनी रजिस्टारको कार्यालय वा घरेलु तथा साना उद्योग विभाग वा अन्तर्गतका निकाय वा स्थानीय तहमा दर्ता भएको कम्पनी भन्ने बुझ्नुपर्छ।

(च) कलमी काँठी प्रमाणिकरण (Bud wood certification) भन्नाले कलमी गर्न आवश्यक माउ बोट सायनलाई रोग मुक्त तरिकाले संरक्षण गर्ने बिधि अपनाई स्वस्थ बनाएकोमा कृषि प्राविधिकबाट स्वस्थ वोट भनि प्रमाणित गरिएकोलाई सम्झनु पर्छ ।

(छ) “केन्द्र” भन्नाले जिल्लास्थित कृषि प्रविधि प्रसार सेवा उपलब्ध गराउने कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्छ।

(ज) “जालीघर” भन्नाले फलफूल विरुवा उत्पादनका लागि निर्माण हुने माउ बोट , रुटस्टक र कलमी विरुवा हुर्काउनका लागि चारैतिर जाली लगाएको र सूक्ष्म सिंचाइ पूर्वाधार भएको ग्रिनहाउस, वा स्क्रिन घरलाई सम्झनु पर्छ ।

(झ) “निर्देशनालय” भन्नाले गण्डकी प्रदेशको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्छ ।

(ञ) "नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस" भन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त टप तथा साइड भेण्टिलेशनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको परावैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene Film) र जालि (U.V. Stabilized Thermal Net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्छ ।

(ट) "परियोजना" भन्नाले जालीघर (स्क्रिन हाउस) निर्माण कार्यक्रम सञ्चालन कार्यलाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख" भन्नाले कृषि ज्ञान केन्द्र वा कृषि विकास निर्देशनालयका प्रमुखलाई सम्झनु पर्छ ।

(ड) "प्रस्ताव" भन्नाले उद्यमीले जालीघर निर्माण गर्नका लागि अनुदान पाउन पेश गरेको आवेदनको विवरणयुक्त कार्य योजना सम्झनु पर्छ।

(ढ) "बड-उड" भन्नाले जातीय शुद्धता भएको स्वस्थ्य माउबोट बाट लिईने पेन्सील आकारको गोलाई र २-३ वटा भेजिटेटीभ बड भएको कलमी बिरुवा उत्पादन गर्न योग्य हाँगालाई सम्झनु पर्छ ।

(ण) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(त) "समिति" भन्नाले दफा ६ अनुसार गठित समिति सम्झनु पर्छ।

(थ) "रोगमुक्त वा निरोगी विरुवा" भन्नाले, स्वस्थ रुटस्टक, सायन प्रयोग गरी कलमी गरिएको विरुवा वा स्वस्थ विजु विरुवा जुन संक्रामक रोग, ग्रिनिङ्ग र ट्रिस्टीजा आदि बाट मुक्त भएको सम्झनुपर्छ।

(द) "व्यक्ति" भन्नाले कृषक वा कृषि व्यवसायी भन्ने सम्झनु पर्छ ।

(ध) "समूह" भन्नाले जिल्ला स्थित निकाय तथा स्थानीय तहमा दर्ता भएको कृषक समूहलाई सम्झनुपर्छ ।

(न) "सहकारी संस्था" भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम सम्बन्धित कार्यालयमा दर्ता भएको संस्था सम्झनुपर्छ।

(न) "हाइटेक ग्रिनहाउस" भन्नाले तापक्रम व्यवस्थापनको अतिरिक्त परावैजनी किरण अवरोधक पोलिथिन (U.V. Stabilized Polyethylene film) र जाली (U.V. Stabilized Thermal Net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण र Galvanized Iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्छ ।

३. **कार्यविधिको उद्देश्य:** यस कार्यविधिको उद्धेश्य देहाय वमोजिम हुनेछन ;

(क) निजी क्षेत्रमा स्क्रीन हाउस निर्माण र संचालन गर्न सहयोग गरी गुणस्तरीय अमिलाजात फलफूल विरुवा उत्पादन गर्ने।

(ख) गुणस्तरीय विरुवा उत्पादन गर्न व्यक्ति/समूह/सहकारी/कम्पनीलाई सक्षम बनाउने।

(ग) गुणस्तरीय विरुवा उत्पादन गरी फलफूल बालीको उत्पादन तथा उत्पादकत्व बढाउने।

(घ) अमिलाजात फलफूल उत्पादनको व्यवसायिक प्रवर्द्धन मार्फत आयात प्रतिस्थापन गर्दै लगी निर्यात प्रबर्द्धनमा सघाउ पुऱ्याउने ।

## परिच्छेद २
## कार्यक्रम र संचालन विधि

४.**सूचना प्रकाशन:**(१) यस कार्यविधि अनुरुपको कार्यक्रम संचालन गर्ने निर्देशनालय वा केन्द्रले उद्यमीहरुलाई जालीघर निर्माणका लागि आवेदन माग गर्न अनुसुची १ अनुसारको ३० दिने सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएअनुरुप उद्यमीले अनुसूची ४ बमोजिम प्रस्ताव तयार गरी अनुसूची २ बमोजिमको आवेदन प्रस्ताव निर्देशनालय वा सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नुपर्नेछ ।

५. **आवेदन दिन आवश्यक योग्यता** : यस कार्यविधि अनुरुपको कार्यक्रमका लागि देहाय बमोजिमका सबै योग्यता पुगेका उद्यमीहरुले अनुसुचि २ अनुसार आवेदन दिनु पर्नेछ ।

(क) आवेदकको कम्पनी, सहकारी संस्था, समूह वा निजि फर्म कानुन बमोजिम दर्ता भई स्थायी लेखा नम्बर लिएको।

(ख) नर्सरी स्थापना भई १ वा २ वटा स्क्रीन हाउस निर्माण भैसकेको र कम्तिमा २ रोपनी जग्गामा व्यवस्था भईसकेको वा केही पुर्वाधार तयार भई कार्य सञ्चालन भएको।

(ग) बार्षिक रुपमा स्क्रीन हाउसबाट कम्तीमा २५,००० ग्राफ्टीङ विरुवा प्रति वर्ष उत्पादन गर्न सक्ने क्षमता भएको संरचनाको डिजाईन र लागत अनुमान तयार गरेको।

(घ) स्क्रीन हाउस निर्माण पछि व्यवसायिक भावी कार्य योजना सहितको प्रतिवद्धता पेश गरेको ।

(ङ) स्क्रीन हाउस निर्माण भएको स्थानमा मोटर बाटो,सिंचाइ, बिद्युत सुविधा , बजार र बित्तिय संस्था आदि सुविधा वा पूर्वाधार भएको ।

(च) आवेदकले कानून अनुसार पुरा गर्नुपर्ने सबै दायित्वहरु जस्तैः लेखा परीक्षण, कर चुक्ता, नविकरण पुरा गरेको हुनु पर्नेछ । कृषक समूहको हकमा समूह दर्ता भई नविकरण भएको हुनु पर्नेछ ।

(छ) स्क्रीन हाउसको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रस्तावित पूर्वाधार निर्माण गर्नका लागि प्रर्याप्त जमिन भएको वा कम्तीमा १५ वर्षको लागि प्रर्याप्त जमिन लिजमा लिएको हुनुपर्नेछ ।

(ज) स्क्रीन हाउसको हकमा डिजाइन, लेआउट तथा लागत अनुमान मान्यता प्राप्त प्राविधिक वा फर्म (आपूर्तिकर्ता) बाट अनिवार्य रुपमा तयार भएको हुनुपर्नेछ

(झ) विरुवा उत्पादनका लागि आवश्यक जनशक्ति तथा प्राविधिक ज्ञानको व्यवस्था भएको हुनुपर्नेछ ।

६. **प्रस्तावना मुल्यांकन तथा छनौट समिति गठन र संचालन व्यवस्थाः**(१) कृषि विकास निर्देशनालयले कार्यक्रम संचालन गरेको अवस्थामा तल उल्लेख गरे बमोजिमको समिति हुनेछः

| | |
|---|---|
| (क)बरिष्ठतम अधिकृत, निर्देशनालय, पोखरा | - अध्यक्ष |
| (ख)कृषि व्यवसाय प्रवर्धन महाशाखा प्रमुख, मन्त्रालय | - सदस्य |
| (ग)बागबानी बिकास अधिकृत, निर्देशनालय | - सदस्य |
| (घ)कृषि इन्जिनियर, निर्देशनालय, पोखरा | - सदस्य |
| (ङ)लेखा अधिकृत, निर्देशनालय | - सदस्य |
| (च)वरिष्ठ वागवानी विकास अधिकृत ,वागवानी विकास शाखा, निर्देशनालय | - सदस्य सचिव |

(२) कृषि ज्ञान केन्द्रले कार्यक्रम संचालन गरेको अवस्थामामा तल उल्लेख गरे बमोजिमको समिति हुनेछ :

| | |
|---|---|
| (क) वरिष्ठतम अधिकृत कृषि ज्ञान केन्द्र | -संयोजक |
| (ख) संरक्षण अधिकृत बाली | -सदस्य |
| (ग) कृषि प्रसार अधिकृत | -सदस्य |
| (घ) बागबानी बिकास अधिकृत | -सदस्य सचिब |

(३) समितिले उपयुक्त देखेको विषयमा मिल्ने अन्य पदाधिकारी वा ब्यक्ति (बढिमा ३ जना ) बैठकमा आमन्त्रित गर्न सक्नेछ।

७. **छनौट समितिको काम, कर्तव्य र अधिकारः** छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ;

(क) आवेदक उद्यमीहरुबाट पेश भएका आवेदनहरुको अनुसूची ३ को मूल्यांकन ढाँचा अनुरुप मूल्यांकन गर्ने ।

(ख) आवश्यकता अनुसार आवेदकहरुको जालीघर बनाउने स्थानको स्थलगत अध्ययन गरी उपयुक्त आवेदनहरुको छनौट गर्ने ।

(ग) छनौट भएका परियोजनाहरुको लक्ष्य अनुसार कार्यान्वयन गर्नको लागि आवश्यक स्वीकृतीको लागि सिफारिस गर्ने ।

(घ) जालीघर निर्माण र संचालन कार्यको अनुगमन गरी कार्यान्वयनका सम्बन्धमा मार्गदर्शन दिने।
(ङ) आवश्यक परेमा समितिले स्थलगत अनुगमन गरी रिपोर्टिङ्ग समेत गर्न सक्नेछ।

## परिच्छेद ३

## परियोजना स्वीकृति तथा अनुदान

८. **परियोजना स्वीकृति र संझौता:** १) जालीघर निर्माणको लागि उद्यमी छनौट गर्दा पहिले जालीघर तयार गरेका तर तीनवटा भन्दा कम भएका नर्सरीहरुलाई प्राथमिकता दिइनेछ ।
२) छनौट समितिबाट सिफारिस भई छनौट भएका उद्यमीहरुको परियोजनाहरु स्वीकृत गरी उनीहरुसंग अनुसुची ५ अनुसार प्रतिबद्धता लिई अनुसुची ६ बमोजिमको संझौता गरिनेछ ।
३) संझौता भएका उद्यमीहरुलाई जालीघर निर्माणका लागि कार्यादेश दिइनेछ ।

९. **अनुदान रकम सम्वन्धि व्यवस्था:** १) अमिलो जातका गुणस्तरीय विरुवा उत्पादनका लागि जालीघर निर्माणमा नीजि उद्यमीका लागि निर्माण लागतको ५० प्रतिशत रकम अनुदानको रुपमा उपलव्ध गराइनेछ भने कृषक समूह/ सहकारीहरुलाई लागतको ७५ प्रतिशत रकम अनुदानको रुपमा उपलव्ध गराइनेछ ।
२) अनुदान रकम जालीघर निर्माण कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरी उपलब्ध गराइनेछ ।
३) अनुदान रकम उपलब्ध गराउँदा अवश्यकता अनुसार बढीमा २ किस्तामा उपलब्ध गराइनेछ ।

१०. **अनुदानग्राहीले उद्यमीले पालना गर्नुपर्ने शर्तहरु:** (१) उद्यमीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण, लागत, सम्पन्न अवधि लगायतका विवरणको होर्डिङ बोर्ड निर्माणस्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ।
(२) यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले निर्माण कार्यको तोकीएको प्राविधिकबाट सम्पन्न कामको निरीक्षण गराई मेजरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नुपर्नेछ।
(३) अनुदानग्राहीले आफूले संचालन गरेको कार्यक्रमको सार्वजनिक सुनवाई गर्नुपर्नेछ । सार्वजनिक सुनवाईमा आफूले प्राप्त गरेको रकमको विवरण, संचालन गरिएका कार्यक्रमको विवरण र प्राप्त भएको प्रगति तथा उपलब्धीहरुको जानकारी गराउँनु पर्नेछ ।
(४) कार्य संचालनका क्रममा उद्यमीले कृषि बिकास निर्देशनालयले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।
(५) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको निर्माण र संचालन कार्यको हिसाव किताव हेर्न सक्नेछ। हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुनेछ।
(६) विरुवा उत्पादन कार्ययोजना तयार गर्नुपर्नेछ ।
(७) उत्पादित तथा विक्रि वितरण भएका विरुवाहरुको विवरण कृषि बिकास निर्देशनालयलमा उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५

## अनुगमन तथा मूल्यांकन

११. **अनुगमन तथा मूल्यांकनको व्यवस्था:** (१) अनुदान प्राप्त परियोजना स्थापना र संचालनको अनुगमन मन्त्रालय, निर्देशनालय, केन्द्रले संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै पनि गर्नेछन्।
(२) दफा (१) बमोजिम भएको अनुगमन र निर्देशन लिखित अभिलेख/प्रतिवेदन कार्यालयले सुरक्षित राखुपर्नेछ।
(३) दफा (२) बमोजिम लिइएको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

## परिच्छेद ६

## विविध



प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

१२.<u>अनुदान रकमको दुरुपयोग सम्बन्धमाः</u> (१) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राही वा उद्यमीको अनुदान रकम रोक्का गर्न सकिनेछ।

(२) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाइएमा वा रकमको हिसाव नबुझाएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित ऐन नियम बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

१३. <u>कन्टीनजेन्सीः</u> निर्माण कार्यमा मात्र अनुदान प्रास हुने रकमको अधिकतम ४ प्रतिशत रकम कन्टिन्जेन्सी बापत राखिनेछ र सो रकम सूचना प्रकाशन, स्टेशनरी, अनुगमन, बैठक भत्ता, प्रस्ताव मूल्यांकन पारिश्रमिक तथा अनुदानग्राहीलाई तालिम तथा अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

१४.<u>बाधा अड्चन निरुपणः</u> यस कार्यविधि कार्यान्वयनमा केही बाधा अडचन आईपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण प्रचलित कानून वमोजिम हुनेछ र मन्त्रालयको ब्याख्या अन्तिम हुनेछ ।

१५.<u>कार्यविधि संशोधनः</u> यस कार्यविधिमा केही कुरा संशोधन गर्नु परेमा निर्देशनालयको सिफारिसमा मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

१६. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै बमोजिम र अन्य व्यवस्थाहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१७. <u>उत्पादन, बितरण र गुणस्तर नियन्त्रणः</u> (१) अनुदान प्रास उद्यमीले कम्तीमा १५(पन्ध्र) वर्ष अबिछिन्न रुपमा फलफूल विरुवा उत्पादन गर्नुपर्नेछ।

(२) सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रबाट बागवानी बिकास अधिकृत वा तोकिएको अधिकृतबाट फलफूल विरुवा उत्पादनको निरीक्षण र आवश्यक परेमा प्रयोगशाला परीक्षण गरेर बेचन योग्य प्रमाणित भएपछि मात्र कृषि ज्ञान केन्द्र तथा कृषि बिकास निर्देशनालयको समन्वयमा बिक्री बितरण गर्नुपर्नेछ।

(३) परियोजनाबाट उत्पादित विरुवा नेपाल सरकारले तोकेको दरमा उपलव्ध गराउनुपर्नेछ ।

(४) उत्पादित विरुवा नेपाल सरकारको मापदण्ड पुगेको उपयुक्त विरुवा हुनु पर्नेछ ।

१८.<u>कारबाहीको व्यवस्थाः</u> यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा वा रकमको हिसाव नबुझाएमा त्यस्ता उद्यमी लाई प्रचलित कानुन बमोजिम नेपाल/प्रदेश सरकारले कारबाही गरी असुल उपर गर्नेछ ।

अनुसुची १

(दफा ४ को उपदफा १ सँग सम्वन्धित)

....................परियोजना स्थापनाको अनुदानका सम्बन्धमा प्रस्ताव आव्हानको सूचना

सूचना। सूचना ।।सूचना ।।।

यस .................आर्थिक वर्ष ............... को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत जातको फलफूलका विरुवा / **कलमी काँठी प्रमाणिकरण(Bud wood certification)प्रविधि** मार्फत अमिलाजात फलफुलका विरुवा उत्पादनका लागि **जालीघर (स्क्रिन हाउस) निर्माण**का लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा गण्डकी प्रदेशका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फार्म, कृषि कम्पनीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र.................मा तोकिएको ढाँचामा आवश्यक कागजातहरु एवं व्यवसायिक प्रस्ताव सहित आवेदन आव्हान गरिएको छ । थप जानकारीका लागि ...............मा सम्पर्क गर्न हुन अनुरोध छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

अनुसूचि २

(दफा ५ को उपदफा १ सँग सम्वन्धित)

..........परियोजना स्थापनाको अनुदानका लागि आवेदन नमुना

श्री

कृषि बिकास निर्देशनालय

पोखरा।

मेरो,कृषि समूह तथा कृषि सहकारी संस्था,कम्पनीबाट....... स्थानमा. ................ गा.पा./न.पा., .........जिल्ला.................अन्तर्गत..................... ...परियोजना स्थापना गर्ने लक्ष्य रहेकोले सोका लागि लागत अनुमान रु .............मध्ये रु. ...................... मैले/हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. .................. अनुदान पाउने व्यवस्थाका लागि देहाय वमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु/गरेका छौं।

संलग्न कागजातहरु:

१. नेपाली नागरिकताको प्रतिलिपी।
२. उद्योग,संस्था/कम्पनी दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रतिलिपी ।
३. जग्गाको लालपुर्जा वा लिजमा लिएको भए सोको प्रतिलिपि ।
४. परियोजनाको डिजाईन तथा लागत अनुमान।
५. परियोजनाको पूर्वाधार विकास निर्माण गर्ने कार्यतालिका।
६. निजि, फर्म संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण र लगानीका श्रोतहरुको आधार ।
७. सडक/बिजुली र पानीको श्रोत रहे नरहेको विवरण ।
८. उत्पादन कार्ययोजनाको विवरण (अनुसूची ४ बमोजिमको) ।
९. सेवा पुऱ्याउने व्यवसायीक क्षेत्रहरु ।
१०. संस्था/कम्पनीका साधारण सदस्य संख्या ।
११. समूहको हकमा समूह नविकरणको प्रमाण ।

निवेदक

..........................फर्म/ कम्पनी

................कृषि सहकारी संस्था

ठेगाना:

सम्पर्क नम्वर:

फर्म/ संस्थाको छाप:

अनुसूचि ३
(दफा ७ सँग सम्बन्धित)

**परियोजना स्थापना, तथा संचालनको लागि अनुदान रकम उपलब्ध गराउने मूल्यांकन फारम**

| क.स. | मूल्याङ्कनका आधारहरु | अंक भार |
|---|---|---|
| १. | परियोजना स्थापना गर्ने जग्गाको क्षेत्रफल सम्बन्धि व्यवस्था | १० |
| (क) | माउबोट भएको जग्गाको क्षेत्रफल पर्याप्त भएको (२ रोपनी भन्दा माथि) | १० |
| (ख) | माउबोट भएको जग्गाको क्षेत्रफल (२ रोपनी भन्दा कम) | ५ |
| २. | परियोजना स्थापनाको लागि आवश्यक पूर्वाधार सम्बन्धी व्यवस्था | १५ |
| (क) | दुई वटा स्क्रीन हाउस भएको | १५ |
| (ख) | एक वटा स्क्रीन हाउस भएको | १० |
| (ग) | स्क्रीन हाउस नभएको | ८ |
| ३. | अन्य पुर्वाधारको अवस्था | १५ |
| (क) | सडक, बिजुली र सिंचाई सबैको सुविधा भएको | १५ |
| (ख) | सडक, बिजुली र सिंचाई मध्ये कुनै दुई सुविधा मात्र भएको | १० |
| (ग) | सडक, बिजुली र सिचाई मध्ये कुनै एक मात्र सुबिधा भएको | ५ |
| ४. | प्रस्तावित परियोजनाको प्रस्तावकको आर्थिक क्षमताको अवस्था | १५ |
| (क) | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सक्षम भएको पर्याप्त आधार देखिएको | १५ |
| (ख) | व्यहोर्नु पर्ने लागत अंश व्यहोर्न सम्भाव्यता देखिएको | १० |
| ५. | उत्पादन योजना र उत्पादन सम्भाव्यताको अवस्था | १० |
| (क) | दफा ५ उपदफा (३) मा तोके भन्दा वढी उत्पादन गर्ने योजना प्रस्ताब भएको | १० |
| (ख) | दफा ५ उपदफा (३) मा तोके जति मात्र उत्पादन गर्ने योजना प्रस्ताब भएको | ८ |
| ६. | जनशक्तिको अवस्था | १५ |
| (क) | कृषिमा स्नातक | १५ |
| (ख) | कृषिमा प्रमाण पत्र तह वा प्रा.स; ना. प्रा. स तालिम प्राप्त | १४ |
| (ग) | एक महिना वा सो भन्दा बढि अवधिको तालिम लिएको | १३ |
| (घ) | नर्सरी उत्पादन वा व्यवस्थापन सम्वन्धि एक महिना भन्दा कम अवधिको तालिम लिएको | १२ |
| ७. | भौगोलिक स्थितिको मापन | १० |
| (क) | प्रशस्त घाम लाग्ने पूर्व, दक्षिण मोहडा भएको जग्गा | १० |
| (ख) | घाम कम लाग्ने उत्तर, पश्चिम मोहडाको जग्गा | ७ |
| ८. | फलफूल विरुवाको बिक्री वितरण रेकर्ड | १० |
| (क) | बार्षिक दश हजारभन्दा बढी बेर्ना बेच्ने गरेको | १० |
| (ख) | बार्षिक दश हजारभन्दा कम बेर्ना बेच्ने गरेको | ७ |
| (ग) | नर्सरी स्थापनाको शुरुवातको बर्ष | ५ |

एकै स्थानका प्रस्तावकहरुको प्रस्ताव मुल्याङ्कन गर्दा अङ्क बराबर आएमा फिल्ड भेरिफिकेसन गरी पेश भएका कागजात अनुसार भए नभएको मुल्यांकन गर्ने र एक स्थानमा एउटामात्र पर्ने गरी निर्णय गर्ने।



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

## अनुसूची ४
(दफा ४ को उपदफा २ सँग सम्वन्धित)

**कार्ययोजना (प्रस्ताव)को संक्षिप्त ढाँचा**

१. कृषक समूह/सहकारी/कम्पनी/निजि फर्मको नाम र ठेगाना:

२. परियोजनाको क्षेत्रफल:

३. परियोजना सम्बन्धि अध्ययन/तालिम लिएको भए

(क) तालिम/अध्ययनको बर्ष ............. (ख) अबधि ........... (ग) प्रदान गर्ने संस्था .......................

४. विवरण

| क.सं | परियोजना विवरण | क्षमता/आकार | संख्या | अनुमानित लागत रु. | | |
|---|---|---|---|---|---|---|
| | | | | संस्थाबाट ब्यहोर्ने | अनुदान माग | कुल जम्मा |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

५. संलग्न हुने जनशक्तिको विवरण

| क.सं | विवरण | संख्या | योग्यता | खर्च हुने रकम रु. |
|---|---|---|---|---|
| | संचालन | | | |
| | प्राविधिक रेखदेख | | | |
| | सुरक्षा | | | |

६. बार्षिक विरुवा उत्पादन अनुमान

| बर्ष | विवरण (विरुवाको किसिम) | इकाई | परिमाण | अनुमानित विक्रि दर रु. | जम्मा आय रु. |
|---|---|---|---|---|---|
| | | | | | |

नयाँ सोंच केही भए उल्लेख गर्नुहोस्...

.............................................................

प्रस्तावकको

नाम, थर:

ठेगाना:

सम्पर्क फोन न:

संस्थाको छाप(संस्थाको हकमा)

दस्तखत:

मिति:

अनुसूची ५

(दफा ५ सँग सम्बन्धित)

**प्रतिबद्धता पत्र नमुना**

........................ कार्यालयको मिति २०७..../..../...को सूचना अनुसार अपुरो पूर्वाधार (एक वा दुई गोटा मात्र स्क्रीन हाउस भएको) पुरा गराउने कार्यक्रम रहेको हुँदा ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु /छौं। उक्त कार्यक्रममा छनोट भएमा कार्ययोजनामा उल्लेख भएबमोजिमको कार्य गर्नेगरी घटीमा............ वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा....... बर्षभन्दा अगावै सो कार्यहरू बन्द गरेमा नेपाल सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित ऐन कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सञ्चालित क्रियाकलापबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं। इतिसम्बत २०७...../....../.....गते रोज ...... शुभम्।

नाम, थरः

संस्था भए संस्थाको नामः

ठेगानाः

दस्तखतः

मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

संस्थाको छापः

अनुसूची ६

(दफा ८ सँग सम्वन्धित)

**सम्झौता पत्र नमुना**

१. यो सम्झौता पत्र ................ (प्रथम पक्ष) र सम्बन्धित उद्यमी.......................... (दोश्रो पक्ष) बीच परियोजना स्थापना र संचालन गरी............फलफूल विरुवा उत्पादन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मिति देखि यस सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भएबमोजिमका कार्यहरु सम्झौता भएको मितिले ........ दिन भित्र शुरु गर्नुपर्नेछ।

४. प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृति अनुसार बढीमा २ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गरिनेछ।

५. प्रथम किस्ता भुक्तानीका लागि दोश्रो पक्षले कम्तिमा जम्मा कामको ३० प्रतिशत काम सम्पन्न गरेपछी ३० प्रतिशत रकम प्रथम किस्ता बापत भुक्तानी गराइनेछ। कार्य सम्पन्न भएपछि मात्र अन्तिम किस्ता रकम उपलब्ध गराइनेछ।

६. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन सहितको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ। दोश्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

७. अन्तिम किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकले कार्य सम्पन्न मूल्याङ्कन गरी अन्तिम बिल सहितको कार्य सम्पन्न प्रतिवेदन (फोटो तथा Visual) तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नुपर्नेछ। प्रथम पक्षले रीत पूर्वकको सम्पूर्ण प्रतिवेदन तथा बिल भरपाईहरु प्रास भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाईनेछ।

८. स्थानिय तहको कार्य सम्पन्नताको सिफारिस संलग्न गर्नु पर्नेछ ।

९ दोश्रो पक्षले निर्माण कार्यको सार्वजनिक सुनुवाई परियोजना क्षेत्रमा गर्नुपर्नेछ।

..........................

प्रथम पक्षका तर्फबाट

नाम

पद

कार्यालयको नाम र छापः

साक्षी

नाम थर

ठेगाना

..........................

दोस्रो पक्षका तर्फबाट

नाम

पद

संस्थाको नाम र छापः

साक्षी

नाम थर

ठेगाना